ध्यानाकर्षण: कुमार कार्की सां


बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P. O. BOX NO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np


मिति : २०६४।०८।११

परिपत्र १३ (०६४।०६५) च.नं. १५९०-१५९१

विषय:- संचालकको संलग्नता रहेको कम्पनीसंगको कारोबार बारे ।

कम्पनी ऐन, २०६३ को दफा ९३ ले देहाय बमोजिम व्यवस्था गरेको ब्यहोरा तहाँ बिदितै छ ।

"**९३ सञ्चालकको संलग्नता रहेको कम्पनीसंगको कारोबार** : (१) यस दफामा अन्यथा लेखिएकोमा बाहेक कुनै पब्लिक कम्पनीले साधारण सभाको स्वीकृति बिना आफ्नो कुनै सञ्चालक वा निजको नजिकको नातेदार वा आधारभूत शेयरधनी वा आफ्नो मुख्य कम्पनीको साधारण सभाको स्वीकृति बिना सहायक कम्पनीले मुख्य कम्पनीको सञ्चालक वा निजको नजिकको नातेदार वा आधारभूत शेयरधनीसंग अर्थपूर्ण कारोबार गर्न सक्ने छैन । स्पष्टिकरण : यस दफाको प्रयोजनका लागि "अर्थपूर्ण कारोबार" भन्नाले कारोबार गर्दाको अवस्थामा एक लाख रुपैयाँ वा कम्पनीको कुल सम्पत्तिको पाँच प्रतिशतमध्ये जुन कम हुन्छ सो भन्दा बढी मूल्य पर्ने कुनै बस्तु वा सेवा खरिद, बिक्री, लेनदेन गर्ने, ठेक्का पट्टा सम्बन्धी कारोबार सम्झनु पर्छ र सो शब्दले बार्षिक एक लाख बीस हजार वा सो भन्दा बढीको बहाल सम्बन्धी कारोबार समेतलाई जनाउँछ ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कुनै कारोबार भएकोमा त्यस्तो कारोबारबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको कुनै रकम वा लाभ कम्पनीलाई फिर्ता गर्नु पर्नेछ र त्यस्तो कारोबारबाट कम्पनीलाई कुनै हानि नोक्सानी भएको रहेछ भने सो समेत त्यस्तो कारोबारबाट लाभ लिने ब्यक्तिले क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम प्राप्त गरिएको जिन्सी सम्पत्तिका सम्वन्धमा उपदफा (१) को ब्यवस्था लागू हुने छैन:-

(क) मुख्य कम्पनीले आफ्नो पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनीबाट त्यस्ता सम्पत्ति प्राप्त गर्दा,

(ख) मुख्य कम्पनीको पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनीले सोही मुख्य कम्पनीको पूर्ण स्वामित्वमा रहेको अर्को सहायक कम्पनीबाट त्यस्तो सम्पत्ति प्राप्त गर्दा,

बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P. O. BOX NO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

(ग) कम्पनीको नियमित व्यवसायिक कारोबारको शिलसिलामा प्रचलित बजार मूल्यमा कारोबार गर्दा ”

यसर्थ कम्पनी ऐन, २०६३ को दफा ९३ मा रहेको उपर्युक्त व्यवस्था बमोजिम गर्नु गराउनु हुन सूचित गरिन्छ ।

(शेखर कुमार अर्याल)
उप-निर्देशक

(०१) श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(०२) श्री नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(०३) श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(०४) श्री यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड ।
(०५) श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड ।
(०६) श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(०७) श्री नेको इन्सुरेन्स लिमिटेड ।
(०८) श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(०९) श्री एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१०) श्री एन.बि.इन्सुरेन्स कम्पनी लिमिटेड ।
(११) श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१२) श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड ।
(१३) श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१४) श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१५) श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१६) श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड ।
(१७) श्री एन एल जी इन्स्योरेन्स कम्पनी लिमिटेड ।

बोधार्थ :
श्री अर्थ मन्त्रालय,
आ.का.वि.तथा नी.वि.महाशाखा,
सिंहदरवार, काठमाण्डौ ।